स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत असारमा अभिनेत्री पूजा शर्माले 'दान्भी' रिलिजको बेला हल 'भिजिट'को क्रममा 'काली २' बन्न लागेको घोषणा गर्दै आफू र रेखा थापाको मुख्य भूमिका रहने जानकारी गराएकी थिइन्। तर, अब रेखा र पूजा दोस्रो पटक एकसाथ देखिन लागेको फिल्मको नाम 'काली २' नराखिने भएको छ। निर्देशनको जिम्मेवारीमा रहेका सविर श्रेष्ठले नयाँ नाम र नयाँ कन्सेप्टमा फिल्म बन्ने जानकारी दिए।

आजको विचार...



दिगो... (दुई पेजमा)

गम्भीरबहादुर हाडा

एकता पौडेलको निर्देशनमा फिल्म 'हर्ष' बन्ने भएको छ। सोमबार उनले फिल्मको निर्माण घोषणा गर्दै मुख्य भूमिकामा अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री आँचल शर्मालाई अनुबन्धित गरिएको जानकारी गराइन्। पहिलो पटक खगेन्द्र र आँचलले फिल्ममा सहकार्य गर्न लागेका हुन्। र, एकताको यो डेब्यु निर्देशकीय फिल्म हो। ई प्राइम मुभिजको ब्यानरमा बन्न लागेको फिल्मलाई प्रसन्न पौडेल र विकास पौडेलले निर्माण गर्नेछन् भने कार्यकारी निर्माताको रुपमा हिक्मत चोखल रहेका छन्।



❒ वर्ष ३० ❒ अंक १९९ ❒ २०८१ माघ २९ गते मंगलबार 11 February 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### मिडिया काउन्सिल विधेयक पारित

**पाल्पा,** माघ २८/राष्ट्रिय सभाको बैठकले 'मिडिया काउन्सिल विधेयक २०८१' पारित गरेको छ । बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गरेको विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित 'मिडिया काउन्सिल विधेयक, २०८० पारित गरियोस्' भन्ने प्रस्तावलाई सोमबारको बैठकले सर्वसम्मतिले पारित गरेको हो । विज्ञ तथा सरोकारवाहरूले उठाउँदै आएको काउन्सिलको नेतृत्वसम्बन्धी मूल विषयलाई यथावत राखेर काउन्सिलका काम कारबाहीमाथि सरकारको छाया कामयै हुने गरी विधेयक पारित भएको छ । त्यसअघि उक्त विधेयकको दफावार छलफलमा सांसद राजेन्द्रलक्ष्मी गैरेले भाग लिइएकी थिइन । छलफलमा उठेका प्रश्नहरुको जवाफ दिँदै सञ्चारमन्त्री गुरुङले विधायन व्यवस्थापन समितिमा लामो समय छलफल भइ पारित भएर राष्ट्रियसभामा आएको भन्दै मिडिया काउन्सिल विधेयकलाई बढी स्वायत्त बनाउन यस क्षेत्रको नियमन र स्वनियमन गर्ने सम्पूर्ण अधिकार दिएर कसरी मर्यादित, पृथक तथा स्वायत्त निकाय बनाउन सकिन्छ भनेर धेरै विषय उठाइसकेकाले सो विधेयकलाई सर्वसम्मतिले पारित गर्न अनुरोध गरेका थिए । मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने हेतुले तत्कालीन सञ्चारमन्त्री रेखा शर्माले २०८१ वैशाख १२ गते मिडिया काउन्सिल विधेयक दर्ता गराएकी थिएन् । उक्त विधेयक गत जेठ १३ गते राष्ट्रियसभामा प्रस्तुत भएको थियो ।

# छुट्टाछुट्टै सवारी दुर्घटना : ९ जनाको मृत्यु, एक पैदलयात्रुले पनि ज्यान गुमाए

**एनजेडी डेस्क**

**पाल्पा,** माघ २८/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी नौ जनाको अकालमै ज्यान गएको छ । मृत्यु हुनेमा एक जना पैदलयात्रु पनि रहेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार स्याङ्जा, दैलेख, ललितपुर, कञ्चनपुर,सुर्खेत, महोत्तरी, चितवन, पाँचथर लगायत जिल्लामा सवारी दुर्घटनाबाट उनीहरुले ज्यान गुमाएका हुन् ।

स्याङ्जाको वालिङ नगरपालिका-८ डुम्रीकोटस्थित सिदार्थ राजमार्गमा ट्रकसँग मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार एक बालकको मृत्यु भएको छ । वालिङ मोडबाट भकुण्डेतर्फ आउँदै गरेको ग १ ख ९४७२ नम्बरको ट्रकलाई सोही दिशाबाट आउँदै गरेको लु ६९ प ८०६७ नम्बरको मोटरसाइकल ओभरटेक गर्ने क्रममा ट्रकको बीचमा पस्न जाँदा मोटरसाइकलमा सवार एक बालकको मृत्यु भएको हो । मृत्यु हुनेमा मोटरसाइकलको पछाडी बसेका विरुवा गाउँपालिका-७ घर भई हाल वालिङ-९ क्याम्पसरोड बस्दै आएका सुशील गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक हरिप्रसाद पौडेलले जानकारी दिए । घाइते सुशीलको प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको क्रममा राति मृत्यु भएको उनले बताए ।




प्रहरीले ट्रक चालक पर्वतको कुश्मा नगरपालिका-१२ का ३९ वर्षीय दिवाकार लामिछाने र मोटरसाइकल चालक वालिङ-८ का १७ वर्षीय हेमन्त रानालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ । यस्तै सुर्खेतको भेरीगंगा नगरपालिका-२ सप्तरीस्थित सडकमा मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु भएको छ । सुर्खेतबाट छिन्चुतर्फ आउँदै गरेको क.प्र.०२००२ प ७२०९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक बीरेन्द्रनगर नगरपालिका-११ चारकुने बस्ने ४१ वर्षीय दिप बहादुर बस्नेतको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रदेश अस्पताल कालागाउँमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहहेको छ । यस्तै ललितपुरको बाग्मती गाउँपालिका-४ गिम्दी दोर्जेलिङ डाँडास्थित सडकमा मोटरसाइकलबाट खसेर एक जनाको ज्यान गएको छ । बा.६८ प २२०८ नम्बरको मोटरसाइकलबाट खसेर मोटरसाइकलमा सवार काभ्रे बेथानचोक गाउँपालिका-१ सुकुम घर भएकी ३८ वर्षीया मेनुका गौतमको मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै कञ्चनपुरको बेलडाँडी गाउँपालिका-३ खैरिघाटस्थित सडकमा बसको ठक्करबाट पैदलयात्री पनि ज्यान गएको छ । सु.प.प्र.०१-००१ ख ३६१० नम्बरको बसको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने मिन बहादुर कुँवरको छोरा २ वर्षीय सुशान्त कुँवरको घटनास्थलमै मृत्यु भएको हो । हाल फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै चितवनको भरतपुर महानगरपालिका-१४ भावना चोकस्थित सडकमा कार र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बा.प्र.०१-०२९ च ७५९७ नम्बरको कार र बा.प्र.०६-००१ प ५०४८ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकलमा सवार भरतपुर महानगरपालिका-१४ का २१ वर्षीय रोशन अधिकारीको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । कार चालकालई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै महोत्तरीको बर्दिबास नगरपालिका-७ प्रेमनगरस्थित सडकमा विङगरको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । म.प्र.०३-००१ ज ०५५४ नम्बरको विङगरको ठक्करबाट साइकलयात्री बर्दिबास नगरपालिका-७ बस्ने ७० वर्षीय देबेन्द्र साह सोनारको मृत्यु भएको हो । उक्त दुर्घटनामा गम्भीर घाइते भएका उनको घनुषा लालगढस्थित मोडेल अस्पताल हुँदै थप उपचारको लागि काठमाडौंतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । विङ्गर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।यस्तै धनुषाको जनकपुर उपमहानगरपालिका-१४ स्थित सडकमा मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

-बाँकी अन्तिम पेजमा...


## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना

योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको

**२.पद :** कम्प्युटर अपरेटर

संख्या : एक जना

योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)

**३.पद :** बजार प्रतिनिधि

संख्या : केही

योग्यता : +२ उत्तीर्ण

तलव : नियम अनुसार

आवेदन दिने अन्तिम मिति : २०८१/१०/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**

**(नवजनचेतना दैनिक)**

भगवतीटोल, तानसेन, पाल्पा

E-mail : njdnews@gmail.com


# आज सुरक्षित इन्टरनेट दिवस नेपालमा पनि मनाइँदै

**पाल्पा,** माघ २८/सुरक्षित इन्टरनेट दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । साइबर सुरक्षा सम्बन्धमा चेतना अभिवृद्धि गर्न बालबालिका तथा युवावर्गको लागि काम गर्ने संस्थाहरूबीच सामूहिक शक्ति विकास गर्ने उद्देश्यसाथ यो दिवस मनाउन लागिएको हो ।

नेपालसहित विश्वका १ सय ७० भन्दा बढी मुलुकमा यो दिवस मनाइँदैछ । नेपालमा भने सन् २०१९ देखि मात्र चाइल्डसेफनेटको पहलमा यस दिवस मनाउन थालिएको हो । चाइल्डसेफनेट डिजिटल प्रविधिलाई सुरक्षित बनाउनका लागि कार्यरत गैरसरकारी संस्था हो । सन् २००४ देखि हरेक वर्ष फेब्रुअरीमा विश्वव्यापी रुपमा सुरक्षित इन्टरनेट दिवस मनाउन थालिएको थियो । बालबालिका तथा युवावर्गका लागि सुरक्षित इन्टरनेटको




लागि कार्यरत विशिष्टिकृत संस्था चाइल्डसेफनेटले सन् २०१९ देखि नेपालमा सुरक्षित इन्टरनेट दिवसको समन्वय र प्रवर्धन गर्दै आएको छ । दिवसले सरकार, नीति निर्माता, निजी क्षेत्र, सूचना प्रविधि क्षेत्र, अन्य जिम्मेवार निकाय तथा संस्थालाई उत्तरदायी बनाउन र आ-आफ्ना जिम्मेवारी निर्वाह गराउन पैरवी गर्दै आईरहेको छ । साथै, यसले सुरक्षित इन्टरनेटको लागि बालबालिका, युवा, अभिभावक, शिक्षक, सामाजिक कार्यकर्ता, विद्यालय, सघसंस्था तथा अन्य सरोकारवालालाई एकजुट हुन आह्वान गरेको छ । सूचना प्रविधिको विकासले फड्को मारेसँगै यसले बालबालिका र युवालाई अनलाइनमा असुरक्षित बनाएको पनि छ । चाइल्डसेफनेट र युनिसेफको एक अध्ययन अनुसार नेपालमा पाँच जनामा एक जना बालिका र दश मध्ये एक जना बालक अनलाइन यौन दुर्व्यवहारमा पर्ने जनाएको छ । डिजिटल युगमा इन्टरनेटले हाम्रो जीवन सजिलो बनाएको छ । तर, यसको सुरक्षित प्रयोग गर्न पनि अति आवश्यक छ । बालबालिका र युवाले प्रविधिको प्रयोग धेरै गर्ने तर धेरै बालबालिकालाई अनलाइन सुरक्षाबारे ज्ञान नभएकोले इन्टरनेटको उनीहरु अनलाइन दुर्व्यवहार र शोषण, साइबर बुलिङ्ग, साइबर ग्रुमिङ्ग, फिसिङ्ग र सेक्सटोर्सन जस्ता गम्भीर जोखिममा पर्न सक्दछन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## इन्टरनेटको सुरक्षित प्रयोग गरौं

समय इन्टरनेटको छ । इन्टरनेटको यो युगमा धेरैले आफ्नो दिनचर्याको अभिन्न अंग कम्प्युटर, ल्यापटप, टयाबलेट, फयाबलेट र आईफोनसहित स्मार्टफोनलाई बनाएका छन् । यी वैज्ञानिक आविष्कारबिना धेरैको दैनिकी अस्तव्यस्त र सुस्त हुने अवस्था छ । मनोरञ्जनदेखि जानकारीसम्म र पठनपाठनदेखि मनभित्रका उकुसमुकुस उजागर गर्नसम्मका लागि इन्टरनेट प्रयोग गर्नेहरू धेरै छन् । अझ फेसबुक, ट्वीटर, युट्युबलगायतका सामाजिक सञ्जालमा मानिस यति अभ्यस्थ हुँदै गएका छन् कि उनीहरू सानातिना विषयहरूको जानकारी लिन वा दिनसमेत यसको प्रयोग गर्छन् । विज्ञानका आविष्कारहरू मानवलाई जति सजिलो बनाएको छ, नकारात्मक पक्ष र असरहरू पनि उत्तिकै छन् । केही मानिस त इन्टरनेटमा यसरी घोत्लिने गरेका छन् कि मानौं ऊ यसका दुर्व्यसनी हो । इन्टरनेटको अनियन्त्रित व्यापकताले चुनौतीसँगै विश्व समुदायको चिन्ता पनि बढाएको छ ।

इन्टरनेट जति मानिसको आवश्यकता बन्दै छ त्यति नै त्यसबाट नकरात्मक असर पनि देखा परेको छ । हिंशा, दुर्व्यवहार र शोषणका घटना पनि उत्तिकै बढ्दै गएका छन् । यस्ता समस्याबाट बच्न आजको इन्टरनेट युगमा सुरक्षित इन्टरनेट चलाउनु आवश्यक छ । इन्टरनेट तथा अनलाइनको माध्यमबाट धेरै कामहरु छिटो छरितो र सहज भएका छन् । यो आफैमा सकारात्मक पक्ष हो । तर इन्टरनेटको प्रयोगबाट केही नकरात्मक काम पनि नभएका भने होइन । इन्टरनेटकै माध्यमबाट धेरै अपराधिक क्रियाकलाप र बालबालिकाहरु पढाई भन्दा पनि इन्टरनेटमै व्यस्त हुन थालेका छन् । यस्तो हुनु दुःखद् हो । सूचना प्रविधिमार्फत नै नयाँ कुराहरू सिक्ने, नयाँ मानिसहरू भेट्ने, पुग्न नसकेका ठाउँहरूको बारेमा थाहा पाउने लगायतका अवसरहरू प्राप्त गरिएको छ । तर, उचित सूचना वा मार्गदर्शन नहुँदा इन्टरनेट जगतमा दुर्व्यवहार, शोषण तथा हिंसा जस्ता विभिन्न जोखिमहरूको पनि सामना गर्नु परेको यार्थता हो । बालबालिका तथा युवा वर्गका लागि डिजिटल प्रविधिको सुरक्षित तथा सकारात्मक प्रयोगको प्रवर्द्धन गर्नका लागि हरेक वर्ष फेब्रुअरीमा विश्वव्यापी रूपमा 'सुरक्षित इन्टरनेट दिवस' मनाइन्छ । आज पनि विविध कार्यक्रमहरुको आयोजना गरी नेपालमा यो दिवस मनाउन लागिएको छ । तर यो दिवस औपाचारिकतामा मात्र सिमित हुन पुग्दा यसले सार्थक रुप लिन सकिरहेको छैनन् । यसर्थ प्रविधिको सकारात्मक प्रयोग सम्बन्धी जानकारी प्रकाशमा ल्याई इन्टरनेटको सुरक्षित प्रयोग गर्ने दिशामा सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

विज्ञान भन्छ : जिब्रोमा लागेको चोट सबैभन्दा छिटो निको हुन्छ
ज्ञान भन्छ : जिब्रोले दिएको चोट कहिले पनि निको हुँदैन !
*(सुमन र्दलामीको फेसबुक स्टाटस https://www.facebook.com/Suman.Darlami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दिगो विकासको आवश्यकता र महत्व



गम्भीरबहादुर हाडा

*संघ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवं विकास साझेदारबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने । विकासका सबै क्षेत्र तथा आयाममा लैंगिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने । अध्ययन, अनुसन्धान, तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवं विकासका कार्यक्रम कार्यान्वयन गर्ने । नेपालको संविधान–२०७२ ले स्थानीय सरकारलाई प्रशस्त जिम्मेवारी र अधिकार प्रदान गरेको छ । यो जिम्मेवारी पूरा गर्न स्थानीय सरकारले कसरी आफ्नो कार्य सम्पादन गरिरहेका छन् भन्ने कुरा सबैको चासोको विषय हो । दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाल सरकारले विभिन्न योजनाको निर्माण र नीति नियमको तर्जुमा गरी अगाडि बढाएको छ ।*

सन् १९८७ को अप्रिल महिनामा पर्यावरण एवं विकास सम्बन्धी अन्तर्राष्ट्रिय आयोगले 'हाम्रो साझा भविष्य' विषयको प्रतिवेदन प्रस्तुत गरेको थियो । यसै प्रतिवेदनले पहिलो पल्ट दिगो विकास सम्बन्धमा प्रकाश पारेको हो । यसले दिगो विकासलाई यसरी परिभाषित गरेको छ-भविष्यका पुस्ताहरूको आवश्यकतालाई प्रभाव नपारिकन वर्तमानका आवश्यकतालाई पूरा गर्नुलाई नै दिगो विकास भनिन्छ । भविष्यका वा आउँदा पिढीको आवश्यकता एवं आकांक्षा पूर्ति गर्ने क्षमतासँग कुनै तादात्म्य नराखी वर्तमानको आवश्यकता पूर्ति गर्ने विकास प्रक्रियालाई नै दिगो विकास मानेको छ ।यहाँ भविष्यको पिँढीको आकांक्षा आपूर्ति गर्ने क्षमतासँग कुनै तादात्म्य नराख्नु भन्नाले भोलिको आवश्यकता समेतलाई दृष्टिगत गरी आजको विकास प्रक्रियालाई अगाडि बढाउनु भन्ने सकारात्मक अर्थमा लिएको पाइन्छ, नकि भविष्यप्रति निश्चिन्त रही सम्पूर्ण स्रोतसाधन आजैको पूर्तिको निम्ति प्रयोग गर्नु भनेको हो । यस अर्थमा दिगो विकासले गरिबी वृद्धि नहुने, पर्यावरणको क्षति नहुने र भविष्यका सन्ततिहरू चिन्तनीय अवस्थामा नपुग्ने विकासलाई जोड दिएको छ । नेपालका लागि दिगो विकास एजेन्डा-२१ को आधारमा दिगो विकास भन्नाले वर्तमान नागरिक तथा भावी पुस्तालाई कम्तीमा पनि जीवनयापनका आधारभूत साधन निरन्तर उपलब्ध गराई गरिबी न्यूनीकरण गर्ने ।

नागरिकको जीवनका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा व्यापक अवसर उपलब्ध गराउने । आज गरेको आम्दानीले भावी पुस्ताको आम्दानीमा असर पार्न नहुने । दिगो विकासका सिद्धान्तमा १. प्राकृतिक प्रणालीलाई धान्न सकिने क्षमतामा, पृथ्वीको स्याहार र वातावरणको संरक्षण २. दिगो समाज विकासका लागि सन्तुलित आहार, स्तरीय स्वास्थ्य, शिक्षा एवं रोजगारका अवसर ३. जैविक विविधताको संरक्षण गर्ने । ४. जनसंख्याको आकारमा सुनिश्चितता प्रदान गर्ने, पृथ्वीले धान्न सक्ने क्षमताको बनाउने र प्रतिव्यक्ति आयमा वृद्धि गर्ने । ५. वृद्धि भएको आयमा समान रूपले सेवा लिनसक्ने क्षमताको विकास ६. सांस्कृतिक सम्पदाको संरक्षण गर्ने । ७. स्रोत व्यवस्थापन गर्दा वर्तमान पुस्ताको क्षमता विकास गरी जीवनस्तर सुधार गर्दा भावी पुस्ताहरूले आफ्नो क्षमताद्वारा जीवनस्तर सुधार ल्याउने सम्भावना अक्षुण्ण राख्ने । लक्ष्य १ सन् २०२२ को मध्यावधि समीक्षा अवधिसम्म आइपुग्दा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या घट्दै गएको र बहुआयामिक गरिबीमा समेत सुधार भएको छ ।

गरिबी घट्दै जानुमा रोजगारी तथा गरिबी लक्षित कार्यक्रम र विपन्न वर्गका लागि प्रोत्साहन र शिक्षा तथा सीप अभिवृद्धिका कार्यक्रम प्रमुख रहेका छन् । लक्ष्य दुई अन्तर्गत भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने तथा दिगो कृषि प्रर्वद्धन गर्ने रहेको छ । एकातिर यसअन्तर्गत पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपना सन् २०२२ मा २४.८ प्रतिशतमा झरेको छ । कम तौल भएका बालबालिकाको संख्या १९.० प्रतिशत र उचाइ अनुसार कम तौल भएका बालबालिकाको संख्या ७.७ प्रतिशतमा झरेको छ । लक्ष्य तीनअन्तर्गत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै जीवनस्तर प्रबर्द्धन गर्नेछ । यस लक्ष्यअन्तर्गत मिश्रित उपलब्धि हासिल भएको छ । मातृ मृत्युदर घट्दै गएको छ । दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिनेको संख्या बढ्दै गएको छ । क्षयरोग, मलेरियालगायत संक्रामक रोगको नियन्त्रणमा चुनौती देखिएको छ । लक्ष्य चारअन्तर्गत समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसर प्रबर्द्धन गर्ने । यसअन्तर्गत महत्वपूर्ण उपलब्धि हासिल भएको छ । आधारभूत र माध्यमिक तहको खुद् भर्नादरमा सुधार हुँदै आएको छ । युवा साक्षरता दर उल्लेख्य रुपमा बढेको छ । लक्ष्य पाँचअन्तर्गत लैंगिक समानता हासिल गर्ने सबै महिला तथा किशोरीलाई शशक्त बनाउनेछ । कानुन तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ । निजी क्षेत्रको निर्णायक तहमा महिलाको प्रतिनिधित्व सुधार भएको छ । एक तिहाइ महिलाले सम्पत्तिमाथिको स्वामित्व प्राप्त गरेका छन् । पुरुषको तुलनामा महिलाको श्रम सहभागिता दर न्यून छ । महिला र बालबालिकाविरुद्ध हुने हिंसा कम गर्ने सम्बन्धमा थप प्रयासको खाँचो छ । लक्ष्य छअन्तर्गत स्वच्छ पानी र सरसफाइको पहुँच बढाउनेसम्बन्धी छ । यस लक्ष्यअन्तर्गत हासिल भएको उपलब्धि सन्तोषजनक छ । २०८० फागुनसम्म आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्या २५.८१ प्रतिशत पुगेको छ । आधारभूतस्तरको सरसफाइ शत प्रतिशत जनसंख्याको पहुँच पुगेको छ । प्रशोधनसहित ढल प्रणालीमा पहुँच पुगेको जनसंख्या न्यून छ । लक्ष्य सातअन्तर्गत सबैका लागि किफायती, भरपर्दो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने छ । यसअन्तर्गत सस्तो र स्वच्छ ऊर्जाका सूचकको उपलब्धि सामान्य छ । लक्ष्य आठअन्तर्गत पूर्ण, उत्पादक रोजगारी, समावेशी र दिगो आर्थिक वृद्धि र सबैका लागि मर्यादित कामलाई प्रबर्द्धन गर्ने गरेको छ । प्रतिव्यक्ति आयमा वृद्धि हुँदै गएको छ । कृषि क्षेत्रमा अनौपचारिक रोजगारी उच्च रहेको छ भने बालश्रमको स्थितिमा भएको सुधार न्यून छ । उत्थानशील पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरणलाई प्रबर्द्धन गर्ने । आर्थिक वृद्धि र दिगो विकासका लागि नवप्रवर्तकलाई प्रोत्साहन गर्नेछ । रोजगारीको अवसर र विज्ञान तथा प्रविधिमा विद्यार्थी भर्नामा उत्साहजनक नतिजा हासिल भएको छ । आय असमानता, उपभोग र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानी र विश्वव्यापी प्रतिस्पर्धात्मक सूचकलाई सम्बोधन गर्नेछ । आम्दानीमा तल्लो ४० प्रतिशत र माथिल्लो १० प्रतिशतको हिस्सा स्थिर छ । विश्व प्रतिस्पर्धी सूचकांक र व्यवसाय सहजीकरण सूचकांकमा केही सुधार भएको छ । दिगो अभ्यास प्रबर्द्धन गर्ने, फोहोर घटाउने र उत्पादन तथा उपभोगको वातावरणीय प्रभावलाई न्यूनीकरण, ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग, कृषि उत्पादनमा खाद्यान्न बालीको हिस्सा र माटोमा भएको जैविक पदार्थको मात्रासम्बन्धी उपलब्धि सन् २०२२ को लक्ष्यभन्दा बढी छ । जलवायु परिवर्तन र यसको असर न्यूनीकरण गर्ने सम्बन्धी छ । यसअन्तर्गत राष्ट्रिय, स्थानीय र समुदाय स्तरमा अनुकुलन योजनाको तयारी र कार्यान्वयनमा उल्लेख्य सुधार भएको छ । भूपारिस्थितिक प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो व्यवस्थापन रहेको छ । समुदायमा आधारित वन व्यवस्थापन र बाघको संख्यामा सन् २०३० बमोजिमको लक्ष्य हासिल भइसकेको छ । लक्ष्य १६ अन्तर्गत विश्वभर शान्ति तथा न्यायको प्रबर्द्धन तथा संस्थागत सुदृढीकरण गर्ने छ । यसले हिंसा र भ्रष्टाचारमुक्त समावेशी समाज निर्माण गर्ने, न्यायमा पहुँच सुनिश्चित गर्ने, जवाफदेहीमा जोड दिएको छ । हासिल भएका उपलब्धि मिश्रित छन् । कुल जनसंख्यामा इन्टरनेटको पहुँच उल्लेख्य रुपमा विस्तार भएका छन् ।

सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) मा दिगो विकाससम्बन्धी वातावरण तथा आर्थिक, सामाजिक विकासको कार्यक्रम तथा नीति समष्टिगत रणनीतिअन्तर्गत अर्थतन्त्रको संरचनागत रूपान्तरणमार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु नै सोह्रौं योजनाले अवलम्बन गर्ने मुख्य रणनीति हो । विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

संघ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवं विकास साझेदारबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने । विकासका सबै क्षेत्र तथा आयाममा लैंगिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने । अध्ययन, अनुसन्धान, तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवं विकासका कार्यक्रम कार्यान्वयन गर्ने । नेपालको संविधान-२०७२ ले स्थानीय सरकारलाई प्रशस्त जिम्मेवारी र अधिकार प्रदान गरेको छ । यो जिम्मेवारी पूरा गर्न स्थानीय सरकारले कसरी आफ्नो कार्य सम्पादन गरिरहेका छन् भन्ने कुरा सबैको चासोको विषय हो । दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाल सरकारले विभिन्न योजनाको निर्माण र नीति नियमको तर्जुमा गरी अगाडि बढाएको छ । दिगो विकासका लक्ष्य कार्यान्वयन गर्ने प्रमुख दायित्व स्थानीय सरकारको हो । दिगो विकास लक्ष्यलाई जति स्थानीयकरण गर्न सकिन्छ । त्यति नै लक्ष्यहरू कार्यान्वयन हुने विश्वास गरिन्छ । नेपालको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले स्थानीय सरकारलाई दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न प्रशस्त अवसर दिएको छ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : करियरलाई लिएर चिन्ता रहनेछ। धैर्यले काम लिनुहोस् सफलता मिल्नेछ। | **तुला** :उच्चशिक्षामा सफलता मिल्नेछ। व्यापार व्यवसायमा पिताको सहयोग मिल्नेछ। |
| **वृष** : व्यापारबाट लाभ प्राप्त हुनेछ। मित्रहरूसँगको भेटघाटले मन प्रसन्न रहनेछ। | **वृश्चिक** : अड्केका कार्यहरू सम्पादन हुनेछन्। निजी कार्यलाई पूरा गर्नमा सफलता मिल्नेछ। |
| **मिथुन** : मामिलाहरू आपसी सहमतिमा सुल्झिनेछ। रोकिएको कार्य सम्पादन हुनेछ। | **धनु** :शत्रुहरू हावी हुनेछन्। प्रशासनिक वा राजकीय क्षेत्रबाट सहयोग मिल्नेछ। |
| **कर्कट** :व्यक्तिहरूको कुरालाई बेवास्ता नगर्नुहोला। हत्तारकोनिर्णयबाट हानि हुनसक्छ। | **मकर** : सहकर्मीहरूको साथ मिल्नेछ। काममा सफलताको लागि संघर्ष गर्नुपर्ने हुन्छ। |
| **सिंह** : अध्यात्मतिर झुकाव रहनेछ। आफ्नो व्यक्तित्वलाई निखार्ने समय रहेको छ। | **कुम्भ** : मिठो बोल्ने प्रयास गर्नुहोला। कार्यलाई टाल्नुभन्दा सम्पादन गर्नमा ध्यान दिनुहोस्। |
| **कन्या** : समयको प्रतिक्षा गर्नुहोस्। यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं। | **मीन** : धन लिनको लागि समय उपयुक्त र हेको छ।नसोधी कसैलाई सल्लाह नदिनुहोला। |

# विज्ञान/सूचना प्रविधि

## 'भारत र नेपालका स्टार्टअपहरूका लागि राम्रो बजार'




काठमाडौंस्थित भारतीय राजदूतावासले शुक्रबार दोस्रो भारत-नेपाल स्टार्टअप कनेक्ट: स्टार्टअप महाकुम्भ (एसएमके) २०२५ को लागि कर्टन रेजरको आयोजना गर्यो । उक्त कार्यक्रममा नेपाल सरकारका माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ प्रमुख अतिथि थिए । कार्यक्रमको सुरुवात गोलमेच सम्मेलनबाट भएको थियो । जसमा भारत सरकारको डीपीआईआईटी, स्टार्टअप इन्डिया, नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआइ), नेपाली उद्योग परिसंघ युवा उद्यमी मञ्च ( सीएनवाईईएफ), नेपाल एसोसिएसन फर सफ्टवेयर एण्ड आईटी सर्भिसेज कम्पनी (एनएएस -आइटी), फिनटेक एलायन्स अफ नेपाल (एफएएन), रोबोटिक्स एसोसिएसन अफ नेपाल (आरएएन), नेपाल हब (एनहब), एसियन इन्स्टिच्युट अफ डिप्लोमेसी एण्ड इन्टरनेशनल अफेयर्स, त्रिभुवन विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट), काठमाडौं विश्वविद्यालय र नेपाली स्टार्टअपका प्रतिनिधिहरू सहभागी थिए । मन्त्री पृथ्वी सुब्बा गुरुङले कार्यक्रमलाई सम्बोधन गर्दै नेपालले स्टार्टअपहरूका लागि अवसर सिर्जना गर्ने नवीनतम आईटी प्रविधिहरू अँगाल्ने सन्दर्भमा गरिरहेको प्रगतिको बारेमा धारणा राखे। उनले भारत र नेपालबीचको अद्वितीय र बलियो सम्बन्ध तथा नेपाली र भारतीय नागरिकहरूको लागि एकअर्काको देशमा काम गर्ने सहजतामाथि प्रकाश पार्दै नेपाली कम्पनीहरूलाई एसएमके २०२५ मा भाग लिन प्रोत्साहन गरे नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले उद्घाटन सत्रलाई सम्बोधन गर्दै भारतका युवाहरूमाझ स्टार्टअप संस्कृति कसरी मूलधार बनेको छ भन्ने कुरामा प्रकाश पारे। उनले भारतले डिजिटल प्रविधिहरूमा गरेको व्यापक अंगीकारलाई जोड दिए ।

डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चरको विकासले यो डिजिटल परिवर्तनलाई बढावा दिएको छ । यसले सीमापार स्टार्टअप सहकार्यको लागि अवसरहरू प्रस्तुत गर्‍यो जसले डिजिटल कनेक्टिभिटीलाई बढावा दिएको छ। हालैको उदाहरण नेपालको फोनपे र भारतको यूपीआई बीचको अन्तरसञ्चालनशीलता थियो जसमा मार्च २०२४ मा यसको सुरुवात भएदेखि नै ४ लाखभन्दा बढी व्यापारीक कारोबारहरू भएका थिए । भारत सरकारको डीपीआइआइटीका सहसचिव संजीवले एसएमके २०२५ को बारेमा प्रस्तुति दिए । उनले उक्त कार्यक्रम कसरी स्टार्टअप क्षेत्रको लागि एक प्रमुख कार्यक्रममा परिणत भएको छ भनेर देखाउनुभयो र नेपाली स्टार्टअपहरूलाई सहभागी हुन आमन्त्रित गरे । एसएमकेमा ३,००० भन्दा बढी प्रदर्शकहरू, १०,००० स्टार्टअपहरू, र १,००० लगानीकर्ताहरू, इन्क्यूबेटरहरू र एक्सेलेरेटरहरू समावेश हुनेछन्, जसमा भारत र बाहिरबाट ५०,००० भन्दा बढी व्यावसायिक आगन्तुकहरूको अपेक्षा गरिएको छ । अत्याधुनिक आविष्कार केन्द्रित क्षेत्रमा रहेका बिषयहरु जस्तै डीटुसी, फिनटेक, एआई, डिपटेक, साइबर सुरक्षा, रक्षा र अन्तरिक्ष प्रविधि, कृषि प्रविधि, जलवायु प्रविधि/दिगोपना, बीटुबी र प्रिसिजन म्यानुयाकचरिङ्ग, गेमिङ, ई-स्पोर्ट र खेलकुद प्रविधि, बायोटेक र स्वास्थ्य सेवा र इन्क्यूबेटरहरू र एक्सेलेरेटरहरू सम्बन्धित विषयगत कक्षहरू मार्फत प्रदर्शन गरिनेछ । औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (आइडीआइ) का कार्यकारी निर्देशक उमेश कुमार गुप्ताले 'नेपालमा स्टार्टअप नीति' बारे प्रस्तुति दिए । आइआइटी मद्रास प्रवर्तकका प्रमुख (न्यु इनीसीएटिभ्स) श्री राजेन्द्र मुथाले आइआइटी मद्रास प्रवर्तकले इन्क्यूबेसनलाई प्रवर्द्धन गर्न, प्रविधि विकास गर्न र उद्योगसँग साझेदारी निर्माण गरी इन्क्यूबेसनलाई बढावा दिन कसरी मद्दत गरिरहेको छ भन्ने बारेमा जानकारी दिए । पहिलो प्यानल छलफल उदयीमान प्रविधि स्टार्टअपहरूका लागि भारत र नेपालमा भएका अवसरहरूमा केन्द्रित थियो । टेक एक्सआर का प्रमुख कार्यकारी अधिकृत प्रशान्त मिश्राले कसरी भर्चुअल रियालिटीले उनीहरूलाई नयाँ पर्यटन अनुभवहरू संचालन गर्न मद्दत गर्‍यो भन्ने बारेमा धारणा राखे । एफ वान सफ्टका सह-संस्थापक असगर अलीले नेपालमा नागरिक सेवाहरू प्रदान गर्ने नागरिक एपको बारेमा जानकारी गराए । खल्ती वालेटका संस्थापक अमित अग्रवालले नेपालमा डिजिटल भुक्तानी कसरी बढेको छ भनेर कुरा प्रस्तुत गरे । आइआइटी मद्रास प्रवर्तकका प्रमुख (न्यु इनीसीएटिभ्स) राजेन्द्र मुथाले आइआइटी मद्रासमा इन्क्यूबेट गरिएका अत्याधुनिक प्रविधि स्टार्टअपहरूको सफलताका कथाहरू साझा गरे । दोस्रो प्यानल छलफल सामाजिक प्रभावका लागि डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चरमा केन्द्रित थियो, जसमा वृद्धि सञ्जल प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत शिक्षित भट्टले नेपालको लागि डीपीआई निर्माण गर्ने बारे आफ्नो प्रयासहरू साझा गरे । नेपाल क्लियरिङ्ग हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नीलेश मान प्रधानले नेपाल पे जस्ता आफ्ना उत्पादनहरूको बारेमा विस्तृत रूपमा बताए जुन नेपालका फिनटेक कम्पनीहरूका लागि नवप्रवर्तन गर्न डिजिटल क्षेत्रहरू थिए । कम्प्युटर विज्ञानका प्राध्यापक र काठमाडौं विश्वविद्यालयका एसोसिएट डीन डा. बालकृष्ण बलले आफ्ना विद्यार्थीहरूलाई डिजिटल सार्वजनिक सामानहरू निर्माण गर्न प्रोत्साहित गर्ने काठमाडौं विश्वविद्यालयको प्रयासहरूको बारेमा साझा गरे ।

स्कुलनेटका एभीपी हिमांशु तिवारीले भारतमा रहेको दीक्षा जस्ता शिक्षा डीपीआईको अनुभव सुनाए । यी छलफलहरू उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्द बहादुर कार्कीको विशेष सम्बोधनसँगै समापन भए । कार्यक्रमको क्रममा भएका छलफलहरूबाट प्राप्त मुख्य निष्कर्षहरू निम्नानुसार छन् - अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्न चाहने भारत र नेपालका स्टार्टअपहरूका लागि दुवै देशहरू राम्रो बजार हुन् । भारत र नेपालका स्टार्टअपहरूले नयाँ समस्या र सामाजिक चुनौतीहरूलाई स्तरीय रूपमा समाधान गर्न उदीयमान प्रविधिहरूको उपयोग गरिरहेका छन् । डीपीआईको विकासले नयाँ स्टार्टअपहरूलाई नवप्रवर्तन गर्ने राम्रो अवसर प्रदान गर्दछ । यो मोडेल भारतमा धेरै सफल भएको छ । नेपालमा पनि आफ्नो डीपीआई छ र यो नेपालमा भावी पुस्ताका स्टार्टअपहरूको लागि लन्चप्याड हुन सक्छ । डीपीआइ प्लेटफर्महरू बीचको सीमापार सम्पर्कले तिनीहरूबाट थप लाभांश प्राप्त गर्न मद्दत गर्न सक्छ । नेपाली स्टार्टअपहरूले भारतबाट उपलब्ध हुने पुँजी र परामर्श नेटवर्कमा विशेष गरी आइआइटी मद्रास प्रवर्तक जस्ता इन्क्यूबेटरहरू मार्फत फाइदा लिन सक्छन् । सहभागीहरूले स्टार्टअप इन्क्यूबेसन सेन्टरहरू स्थापना गर्न सहयोगको लागि आइआइटी मद्रास प्रवर्तक र त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय बीचको सम्झौता पत्र जस्ता विद्यमान सम्बन्धहरूको प्रशंसा गरे । सहभागीहरूले स्टार्टअप क्षेत्रमा भारत र नेपालबिच थप सहकार्यको लागि आह्वान गरे । कार्यक्रममा उपस्थित नेपाली स्टार्टअपहरूले एसएमके २०२५ मा सहभागी हुने अवसरलाई स्वागत गरे । *-रातोपाटी डटकम*

## चलचित्रसम्बन्धी अध्ययनका लागि छात्रवृत्ति



एप्पलको आइफोन १५ बितेको अंग्रेजी वर्ष सन् २०२४ मा विश्व बजारमा सबैभन्दा धेरै बिक्री हुने स्मार्टफोन बनेको छ । काउन्टरप्वाइन्ट रिसर्चको ग्लोबल ह्याण्डसेट मोडेल सेल्स ट्र्याकर रिपोर्ट अनुसार विश्वमा सर्वाधिक बिक्री हुने टपटेन स्मार्टफोनको सूचीमा लगातार तेश्रो वर्षपनि एप्पल र सामसुंगले नै कब्जा जमाएका छन् । गतवर्ष सामुसंगको स्थानमा सुधार आउँदा टपटेन मध्ये ४ वटा स्थान कब्जा गर्न सफल भएको छ। सन् २०२३ मा सामसुंगका तीनवटा फोन मात्रै यस सूचीमा परेका थिए । काउन्टरप्वाइन्टको रिपोर्ट अनुसार एप्पलको आइफोन १५ सिरिजको आधारभूत मोडेलको फोन सन् २०२४ मा विश्वमा सर्बाधिक लोकप्रिय फोन बन्न सफल भएको छ । यो मोडेलका फोनमध्ये आधाजसो बिक्री त अमेरिका र चीनमा मात्रै भएका छन् । सबैभन्दा धेरै बिक्री हुने फोनको दोश्रो स्थानमा आइफोन १५ प्रो म्याक्स र तेश्रो स्थानमा आइफोन १५ प्रो रहेका छन् । सर्वाधिक बिक्री हुने स्मार्टफोनको चौथो नम्बरमा सामसुंगको ग्यालेक्सी ए १५ फाइभ जी परेको छ । एप्पलको पछिल्लो संस्करणको आइफोन १६प्रो म्याक्स चाहीँ यो सूचीको पाँचौ स्थानमा छ । त्यस्तै छेटौंमा ग्यालेक्सी ए१५ फोरजी, सातौंमा ग्यालेक्सी एस२४ अल्ट्रा र आठौंमा आइफोन १४ रहँदा नबौंमा आइफोन १६ प्रो र दशौंमा ग्यालेक्सी ए ०५ रहेका छन् । रिपोर्ट अनुसार ग्यालेक्सी एस२४ अल्ट्रा सन् २०१८ पछि टपटेन सूचीमा अटाउने सामसुंगको पहिलो एस मोडेलको फोन बन्न सफल भएको छ । आर्टिफिसियल इन्टेलिजेन्स फिचर सहितको यो फोनले प्रयोगकर्तामाझ व्यापक आकर्षण पैदा गरेको छ । गतवर्ष ग्यालेक्सी २४ सिरिजका स्मार्टफोनको बिक्रीमध्ये आधा भन्दा धेरै अमेरिका र पश्चिमी युरोपमा भएका छन् । त्यस्तै अफ्रिका र मध्यपूर्वमा पनि यो मोडेलका फोनको बिक्री बढेको छ । सन् २०२३ का टपटेन स्मार्टफोनको सूची यस्तो थियो: आइफोन १५ आइफोन १५ प्रो म्याक्स आइफोन १५ प्रो आइफोन १६ प्रो म्याक्स आइफोन १५ प्रो आइफोन १४ आइफोन १६ प्रो ग्यालेक्सी ए१५ फाइभ जी ग्यालेक्सी एस २४ अल्ट्रा ग्यालेक्सी ए ०५ *-अनलाइन खबर डटकम*

## अन्तरिक्षमा जाने दोस्रो भारतीय बन्दै शुभांशु शुक्ला



भारतीय वायुसेनाका अधिकृत शुभांशु शुक्ला नासाको एक्सियोम ४ मिसनका लागि पाइलटका रूपमा छनोट भएका छन् । उनी चाँडै नै स्पेस एक्स ड्र्यागन अन्तरिक्ष यानसँग अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन जाँदैछन् । यसका साथै शुभांशु अन्तरिक्षमा प्रवेश गर्ने दोस्रो भारतीय हुनेछन् । उनीभन्दा अगाडि विङ कमाण्डर राकेश शर्मा सन् १९८४ अप्रिलमा अन्तरिक्षमा पुगेका थिए । शुभांशु शुक्ला भारतीय वायुसेना अधिकारी हुन् । उनको मिशन १४ दिनसम्म रहनेछ । यस मिशनको उद्देश्य अनुसन्धान गर्नु हो । पेग्गी ह्वाइटसन यस मिशनको कमान्ड हुनेछन् । शुभांशु शुक्ला एक्सियम मिसन ४ को पाइलट हुनेछन् । शुभांशु शुक्ला इसरोको मिसन गगनयानका लागि तालिम लिइरहेका छन् । एक्जिमले भने, 'नेशनल एरोनटिक्स र स्पेस एडमिनिस्ट्रेशन (नासा) फ्लोरिडाको केनेडी स्पेस सेन्टरबाट एक्स-४ मा सन् २०२५ भन्दा पहिले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा जानेछन् ।' शुभांशु शुक्लाले पनि भने, 'म यो मिसनबाट निकै उत्साहित छु । आशा छ, मैले पाएको तालिमले यो मिसनलाई राम्ररी पूरा गर्न सक्छु ।' भारतीय वायुसेनामा सेवारत समूह क्याप्टेन शुभांशु शुक्लालाई पनि इशोरोले भारतको गगनयान मिशनको लागि अन्तरिक्ष यात्रीको रूपमा चयन गरिसकेको छ । इशोरोले ले नै उनलाई एक्स-४ मिशनको लागि नासा पठाएको हो । समूह क्याप्टेन शुभांशु शुक्लाले एनडीटीभीलाई बताए कि उनी माइक्रोग्रेभिटीमा गएर अन्तरिक्ष उडानको अनुभव गर्न निकै उत्साहित छन् । मिसनको गति हरेक महिना बढ्दै छ । उनीहरूलाई लाग्छ कि यो फेज हो, जहाँ सबै कुरा मिलिरहेको छ । *-हाम्रा कुरा डटकम*

## देशभर इन्टरनेटमा समस्या



नेपालमा आइतबार साँझ इन्टरनेटमा समस्या देखिएको छ । सबैजसो इन्टरनेट सेवाप्रदायक र टेलिकम कम्पनीको इन्टरनेटमा समस्या देखिएको हो । नेपाल टेलिकमका प्रवक्ता हरि ढकालले इन्टरनेटमा केही समस्या आएको बताए । उनका अनुसार भारतबाट आयात गरिएको ब्यान्डविथमा नै समस्या देखिएको हो । भारतीय इन्टरनेट सेवाप्रदायक एयरटेलबाट खरिद एवं आयात गरिएको इन्टरनेटमा समस्या आएको आशंका गरिएको छ ।

नेपाल इन्टरनेट सेवा प्रदायक संघ (आइस्पान)ले पनि इन्टरनेट सेवा डाउन भएको पुष्टि गरेको छ । 'एयरटोलको नेटवर्क लगभग पूर्णरूपमा डाउन भएको छ,' आइस्पान सीईओ सुभास खड्काले भने । लामो समयदेखि नेपालका इन्टरनेट कम्पनीले ब्यान्डविथको भुक्तानी गर्न नसकेको कारणले काट्यो की अन्य कारणले हो भन्ने स्पष्ट छैन । तर नेपाल टेलिकमको नेटवर्कमा समेत समस्या आएको छ । उनले अहिले कन्ट्र्याक्ट भ्यालिड नहुँदा एयरटेलसँग औपचारिक कुरा गर्ने बाटो नरहेको बताए । नेपालको कुल इन्टरनेटमा एयरटेलको हिस्सा करिब ८५ प्रतिशत रहेको आइस्पानले जनाएको छ ।

*-बाह्रखरी डटकम*

# कालिगण्डकी नदिमा एक वृद्धको शव फेला



**पाल्पा,** माघ २८/कालीगण्डकी नदीमा एक वृद्धको शव फेला परेको छ । स्याङ्जाको चापाकोट नगरपालिका -८ ज्याग्दीघाटस्थित कालिगण्डकी नदि किनारमा पाल्पा रम्भा गाउँपालिका-१ हुँगीका ८७ वर्षीय देबिलाल भट्टराईको शव फेला परेको हो ।

माघ २१ गते घरबाट हिडेका भट्टराईको सोमबार विहान घोप्टो परेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक हरिप्रसाद पौडेलले जानकारी दिए । शव फेला परेको जानकारी पाउन साथ जिल्लाबाट प्रहरी अधिकृत सहितको टोली घटनास्थलमा पुगी मुचुल्का उठाई शव पोष्टमार्टमको लागि चापाकोट अस्पताल पठाएको जनाइएको छ । घटनाको विषमा थप अनुसन्धान भईरहेको प्रहरी नायब उपरीक्षक पौडेलले जानकारी दिए ।

# विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाइँदै

**पाल्पा,** माघ २८/विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस आज मनाइँदै छ । नेपालसहित संसारभर विज्ञानमा महिलाको भूमिका र योगदानको सम्झना गर्दै तथा खुसी साटासाट गरी यो दिवस मनाउने गरिएको छ । २२ डिसेम्बर २०१५ मा संयुक्त राष्ट्र संघको महासभाले संकल्प प्रस्ताव पारित गरेयता दिवस मनाउन थालिएको हो ।

११ फेब्रअरीलाई विज्ञान र प्रविधिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने महिला एवं युवतीहरूको सम्झना गरिन्छ । अहिलेको युग विज्ञान र प्रविधिको युग हो । अहिले दिनप्रतिदिन विज्ञानको महत्व अत्यन्त बढेको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा महिलाको पहुँच वृद्धि गर्न यो दिवस मनाइनुको खास उद्देश्य हो । महिला समानताको लागि थुप्रै पहल संसारभरि नै हुने गर्दछ । तर, दिन प्रतिदिन विज्ञानको महत्व बढिरहेको हाम्रो युगमा यदि हाम्रा महिलाहरू विज्ञानमै पछाडी रहे भने, आउँदो समयमा के महिला सशक्तीकरण सम्भव छ त ? हामी मध्य धेरैले यो कुरा सोचेका छैनौ होला । त्यसै कारण हरेक वर्षको फेब्रुअरी ११ का दिन संयुक्त राष्ट्र संघले यो चिन्ताको विषयमा प्रकाश पार्न आजको दिन मनाउने गरेको छ । तर अझै पनि धेरै देशमा महिलाहरू आर्थिक, प्राविधिक, विज्ञानका क्षेत्रमा पछाडी पारिएका, परेका छन् ।

विकासोन्मुख, अल्पविकसित देशका छात्राले नै आफ्नो अध्ययनमा विज्ञानप्रति त्यति रुचि देखाइरहेको पाइँदैन । एउटा कोठा नै सारा संसार भइसकेको आजको युगमा अझै सूचना प्रविधि ग्रामीण क्षेत्रमा पुग्न सकेको छैन ।

# रिब्दीकोटमा पहिलो दिन ३ सय बढी किशोरीले लगाए 'एचपिभी' खोप



**पाल्पा,** माघ २८ /जिल्लाको रिब्दीकोट गाउँपालिकामा पहिलो दिन ३ सय भन्दा बढी किशोरीहरुले पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एच.भि.पि ) खोप लगाएका छन् । सोमबारदेखि पालिकामा सञ्चालन भएको खोप अभियानमा ३ सय ३ जना किशोरीहरुले उक्त खोप लगाएका हुन् ।

खोप अभियानको पालिका अध्यक्ष नारायणबहादुर कार्कीले स्वास्थ्यकर्मीहरुलाई भ्याक्सिन केरियर दिएर अभियानको शुभारम्भ गरेका थिए । अभियानको शुभारम्भ गर्दै अध्यक्ष कार्कीले पाठेघरको मुखको खोप अभियान सफल बनाउन सबैलाई आग्रह गरे । महिलाहरूमा हुने पाठेघरको क्यान्सर जस्तो घातक रोगबाट भविष्यका कर्णधारको रूपमा रहेका बालिकाहरूलाई पूर्णरूपमा बचाउनको लागि सबैको महत्वपूर्ण भूमिका रहने भएकाले अभियानमा किशोरीहरुलाई सहभागी गराउन उनले सबैलाई आग्रह गरेका छन् । खोपको पहिलो दिन नै किशोरीहरुको उत्साहजन सहभागीता रहेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत मणिप्रसाद खनालले बताए । खोप प्रभावकारी भएकाले पनि किशोरीहरु उत्साजनक रुपमा अभियानमा जोडिएको उनले जानकारी दिए । सोमबार पालिकाका ८ वडाबाट खोप दिइएको पालिकाका स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीले जानकारी दिए । उनका अनुसार वडा नं . १ ख्याहामा १२ जना, वडा नं. २ देउरालीमा ४४ जना, वडा नं. ३ खस्यौलीमा ३० जना, वडा नं. ४ भैरवस्थानमा ५३ जना, वडा नं. ५ कुसुमखोलामा ३१ जना, वडा नं. ६ ठिमुरेमा ५३ जना वडा नं. ७ पालुङमा २८ जना र वडा नं. ८ फेकमा ५३ जना गरी ३ सय ३ जना किशोरीले एचपीभी खोप लगाएका छन् । खोप लगाएका किशोरीमा कुनै पनि समस्या नआएको प्रमुख अधिकारीले बताए । पालिकामा खोप अभियान फागुन १ गतेसम्म सञ्चालन हुने छ । अभियानमा ६ सय ६१ जना किशोरीलाई खोप दिइने स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीले जानकारी दिए । यो अभियान माघ २२ गतेदेखि देशैभर सञ्चालन भइरहेको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटना...

...बा.प्र ०२-०४२ प ३६८३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार गोरखा, गोरखा नगरपालिका-१२ पन्ध्रकिलो बस्ने ३० वर्षीय रबिन श्रेष्ठको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै दैलेखको भगवतीमाई गाउँपालिका-१ मौले तालस्थित सडकमा पनि मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । मनघरबाट दैलेखतर्फ आउँदै गरेको क.प्र.०२-००२ प २८७७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक डुङ्गश्वर गाउँपालिका लाकुरीका ४० वर्षीय तेज बहादुर थापाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल दैलेखमा उपचारको क्रममा मृत्यु भएको हो । पाँचथरको याङबरक गाउँपालिका-२ ईण्द्रेणी ओडार छेउस्थित सडकमा ट्याक्टरमा परी एक जनाको ज्यान गएको छ । तिनतिम्बुबाट च्याङथापुतर्फ आउँदै गरेको मे.१ त ६८९४ नम्बरको ट्याक्टर अन्यन्त्रित भई सोमबार बिहान दुर्घटना हुँदा चालक सोही गाउँपालिका-१ तिम्बुरेखर्क बस्ने २७ वर्षीय दिनेश चौहानको घटनास्थलमै मृत्यु भएको हो ।

## खेलकुद समाचार

# डडेल्धुरालाई हराउँदै अत्तरियाले जित्यो अर्जुन ट्रफी



**काठमाडौँ,** माघ २८/फ्रेन्डस् युथ क्लब डडेल्धुरालाई हराउँदै सीवाईसी अत्तरियाले अर्जुन ट्रफी राष्ट्रिय टी-२० प्रतियोगिताको उपाधि जितेको छ । अत्तरियाले डडेल्धुरालाई ३४ रनले हराएको हो । अत्तरियाले दिएको एक सय १९ रनको लक्ष्य पछ्याएको डडेल्धुरा १८ ओभरमा ८४ रनमा अलआउट भयो । डडेल्धुराका लागि गजेन्द्र बोहोराले २४ रन र कुशल भुर्तेलले २० बनाए । अत्तरियाका शाहब आलमले तीन विकेट लिए । यस्तै दिपेश कँडेल, कमल गुप्ता र विवेक यादवले समान दुई विकेट लिए । त्यसअघि धनगढीको फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको अत्तरियाले नौ विकेट गुमाएर एक सय १८ रन बनायो । अत्तरियाका लागि रशिद खानले अविजित ३१ रन बनाए । यस्तै सन्तोष कार्की र शङ्कर रानाले समान २० रन बनाए । धनगढीका अभिषेक गौतमले चार विकेट लिए । यस्तै कुशल भुर्तेल र अजय चौहानले समान एक विकेट लिए । अत्तरिया डीसीए धनगढीलाई र डडेल्धुरा न्यू होराइजन बुटवललाई हराउँदै प्रतियोगिताको फाइनलमा पुगेका हुन् । प्रतियोगिताको विजेता अत्तरियाले १० लाख र उपविजेता बनेको डडेल्धुराले पाँच लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# प्रणय दिवसमा एयरलाइन्सको छुट



**काठमाडौँ,** माघ २७/निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयर र यती एयरलाइन्सले 'भ्यालेन्टाइन' अर्थात् प्रणय दिवसका अवसरमा विभिन्न 'अफर' सार्वजनिक गरेका छन् ।

बुद्ध एयरले एउटा टिकटमा अर्को नि:शुल्क अफर ल्याएको छ । तर यस्तो अफर पर्वतीय उडान( माउन्टेन फ्लाइट) मा मात्रै भएको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । कम्पनीले १४ फेब्रुअरीका दिन मनाइने प्रणय दिवसलाई थप स्मरणीय मनाउन भ्यालेन्टाइन अफर ल्याएको जनाएको छ । यती एयरलाइन्सले जुनसुकै गन्तव्यमा यात्रा गर्ने जोडी यात्रुलाई एक हजार ४ सय सम्म छुट दिएको जनाएको छ । यती एयरलाइन्सको 'मोबाइल एप' वा 'वेबसाइट'मा 'यतीमाया' 'प्रोमोकोड' प्रयोग गरेर यस्तो अफर लिन सकिने कम्पनीले जनाएको छ । फेब्रुअरी ७ देखि १४ तारिखसम्मको अवधिमा यात्रा गर्ने सात जोडीलाई 'लक्की ड्र'मार्फत होटल सरोवर पोखरामा एक रात बासको अवसर प्राप्त गर्ने छन् । एकाबिहानै हुने पर्वतीय उडानमा एउटा टिकटमा अर्को टिकट सित्तैमा दिएको बुद्ध एयरले विज्ञप्तिमार्फत जनाएको छ । पर्वतीय उडानमा सगरमाथा, नुप्त्से,ल्होत्से,मकालु, गौरीशङ्करलगायत हिमशृङ्खलाको अवलोकन गर्न सकिनेछ । अफरको टिकट बुद्ध एयरको काउन्टरबाट लिन सकिने कम्पनीले जनाएको छ । *-रासस*

# वैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरू

- वैदेशिक रोजगारीका बारेमा राम्ररी बुझेर मात्रै जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा सम्बन्धित देशको नियम कानूनको बारेमा जानकार रहौं,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजागारीमा जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा ब धानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीका नाममा अनेक झुट्टा प्रलोभन देखाएर ठगीको सिकार हुन सक्ने भएकाले सजग रहौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाठेघरको मुखको क्यान्सर बिरुद्ध एच.पि. भी. खोप अभियान २०८१ सम्बन्धी सूचना

नेपालमा हरेक दिन ४ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुन्छ भन्ने तथ्याङ्क छ । महिलाहरुमा हुने विभिन्न क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो, तर किशोर अवस्थामै रोग विरुद्धको एच.पि.भी. खोप लगाए यो रोग लाग्नबाट बच्न सकिन्छ ।

यसैलाई ध्यानमा राखेर नेपाल सरकारले देशभर यही माघ २२ गतेदेखि फागुन ६ गतेसम्म एच.पि.भी. खोप सञ्चालन गरेको छ । पाल्पाको **रिब्दीकोट गाउँपालिका** मा पनि यही माघ २८ गतेदेखि फागुन १ गतेसम्म खोप दिन लागिएको जानकारी गराईन्छ । यस खोप अभियानमा विद्यालय जाने कक्षा ६ देखि १० सम्मका सम्पूर्ण छात्राहरु र विद्यालय नजाने १० वर्षदेखि १४ वर्ष उमेर सम्मका किशोरीहरुलाई विद्यालय केन्द्रीत खोप केन्द्रहरूबाट पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप दिइँदै छ । त्यसैले आ-आफ्नो विद्यालय वा नजिकैको खोप केन्द्रमा गई खोप लगाउनुहुन अनुरोध गर्दछौं ।

अभियानमा छुट भएका किशोरीहरूले अभियानको अन्तिम दिन नजिकैको स्वास्थ संस्थाबाट पनि यो खोप लिन सक्ने छन् । थप जानकारीको लागि नजिकैको स्वास्थ संस्था, महिला स्वास्थ्य स्वयंसेवीका वा वडाका जनप्रतिनिधिहरुलाई सम्पर्क गर्न सकिने छ ।

**अनुरोधक**

**रिब्दीकोट गाउँपालिका स्वास्थ्य शाखा, खस्यौली, पाल्पा**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई